चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/१२/२५
बैठक संख्या :नबौं(२०८२/०८३)

आजमिति २०८२ साल चैत्र २५ गते बुधवार का दिन चन्द्रकोट गाउँपालिकाका अध्यक्ष श्री युवराज खत्री क्षत्रीज्यूको अध्यक्षतामा गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक वसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरीयो।

<u>उपस्थिति</u>

| सि.नं. | पदाधिकारीकोनामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री युवराज खत्री क्षत्री | अध्यक्ष | |
| २. | श्री विष्णु प्रसाद भण्डारी | उपाध्यक्ष | |
| ३. | श्री घनश्याम खरेल | १ नं. वडा,वडा अध्यक्ष/ प्रवक्ता | |
| ४. | श्री कमल के.सी. | २ नं. वडा,वडा अध्यक्ष | |
| ५. | श्री डिल्लीराज सुवेदी | ३ नं. वडा,वडा अध्यक्ष | |
| ६. | श्री बल बहादुर बस्नेत | ४ नं. वडा,वडा अध्यक्ष | |
| ७. | श्री पृथ बहादुर कार्की | ५ नं. वडा,वडा अध्यक्ष | |
| ८. | श्री अमरसिंह दगामी | ६ नं. वडा,वडा अध्यक्ष | |
| ९. | श्री अनन्तराम भण्डारी | ७ नं. वडा,वडा अध्यक्ष | |
| १०. | श्री फणिन्द्र राज अर्याल | ८ नं. वडा,वडा अध्यक्ष | |
| ११. | श्री डिलमाया बुढाथोकी | कार्यपालिका सदस्य | |
| १२. | श्री बिष्णुकला थापा | कार्यपालिका सदस्य | |
| १३. | श्री लक्षिमा अर्याल | कार्यपालिका सदस्य | |
| १४. | श्री विष्णुमाया सापकोटा | कार्यपालिका सदस्य | |
| १५. | श्री धन बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १६. | श्री सूर्य कुमार बस्याल | कार्यपालिका सदस्य | |
| १७. | श्री लक्ष्मणप्रसाद चालिसे | सचिव/ प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| १८. | श्री शिवप्रसाद ज्ञवाली | प्रशासकीय अधिकृत | |
| १९. | श्री चक्रान्त रिजाल | लेखा अधिकृत | |
| २० | श्री प्रकाश पन्थी | योजना अधिकृत | |

२१ श्री शिव बस्नेत — इन्जिनियर
२२. श्री लिला रिजाल — विपद् फोकल पर्सन

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/१२/२५
बैठक संख्या :नबौं(२०८२/०८३)

प्रस्तावहरु

१. समिक्षा सम्बन्धमा।
२. कक्षा समायोजन तथा दरबन्दी मिलान सम्बन्धमा।
३. योजना भुक्तानी सम्बन्धमा।
४. विभिन्न निकायबाट जारी निर्देशन सम्बन्धमा सम्बन्धमा।
५. स्वास्थ्य/इकाइको स्वास्थ्यकर्मी/कर्मचारी व्यवस्थापन सम्बन्धमा।
६. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा।
७. कार्यविधि सम्बन्धमा
८. विविध
   क) करारोपण नगरिएको स्व घोषणा सम्बन्धमा।
   ख) स्थानीय कला, भाषा, संस्कृति, पुरातात्विक सम्पदाको अभिलेख अध्यावधिकका लागि सुचना प्रकाशन गर्ने सम्बन्धमा।
   ग) गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन सम्बन्धमा ।
   घ) स्थायी लेखा नम्बर पालिकाबाटै लिने सुविधा बढाउनका लागि सिफारिस गर्ने सम्बन्धमा।
   ङ) बेसाहारा सडक मानवमुक्त प्रदेश बनाउन प्रतिबद्धता जाहेर गर्ने सम्बन्धमा।
   च) आर्थिक गणनाको लागि समन्वय सहजीकरण गर्ने सम्बन्धमा।
   छ) पालिकाको आन्तरिक लेखा परिक्षणका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गर्ने सम्बन्धमा।
   ज) वालविकास कक्षा सम्बन्धमा।
   झ) योजना संचालन सम्बन्धमा।
   ञ) भेरियसन अर्डर स्वीकृत गर्ने सम्बन्धमा।

निर्णयहरु

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँ कार्यपालिकाको सातौं बैठक देखि हाल सम्म भएका सम्पूर्ण क्रियाकलापहरुको सम्बन्धमा समिक्षा गरीयो।साथै पालिकाको योजना तथा कार्यक्रम कार्यान्वयनका सन्दर्भमा पूजीगत खर्च बृद्धि गर्नका लागि सम्पन्न योजना भुक्तानी गराउन वडाहरुले आवश्यक समन्वय गर्ने।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिका गुल्मीको कक्षा समायोजन र दरबन्दी मिलानका लागि स्वतः कक्षा समायोजन गर्नका लागि विद्यालयहरुबाट निर्णय भई आएमा सोही अनुसार गर्ने तथा विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुमा कक्षा वा विद्यालय समायोजन गर्दै जाने तथा आवश्यकता अनुसार पालिकाभित्र अन्तर विद्यालय तहमा आन्तरिक शिक्षक सरुवाको लागि र केहि अत्यावश्यक दरवन्दी मिलानका लागि समेत कार्यालय र शाखाले आवश्यक काम गर्न सक्ने गरी अधिकार प्रदान गर्ने। विद्यालय अनुदान रकमका सन्दर्भमा आगामी आर्थिक बर्षबाट मापदण्ड भन्दा बाहिर रहेर पालिका तथा वडा तहबाट हुने बजेटमा विद्यालय अनुदान पूर्ण रुपमा बन्द

चन्द्रकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
भोजिनपुर गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

लक्ष्मणप्रसाद चालिसे
प्रमुख प्रशासकीय अधिकृत

गर्ने। यस सन्दर्भमा अन्य कुराहरु संघीय र प्रादेशिक सरकारबाट निर्णय भई आएमा सोही अनुसार कार्यान्वयन गर्ने।

३. माथिको प्रस्ताव नं. ३ उपर छलफल गर्दा मिति २०८१/०३/३० मा चन्द्रकोट गाउँपालिका गुल्मी, बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र काठमाडौं, वाइन टु वाटर नेपाल मिनभवन ललितपुर र भालुखोला सौर्य लिफ्ट खानेपानी आयोजना समिति चन्द्रकोट-२ गुल्मी बीच चौपक्षीय संझौता भई कार्यान्वयनमा रहेको कार्यान्वयनमा रहेको सौर्य उर्जाबाट खानेपानी आयोजना कार्यन्वयनका लागि भालुखोला सौर्य लिफ्ट खानेपानी योजनाको संझौताको परिच्छेद ५ मा रहेको परियोजनाको कुल लागत तथा श्रोत व्यवस्थापन अन्तर्गत गाउँपालिकाले व्यहोर्नुपर्ने रु २० लाख रुपैयाको लागि मिति २०८१/०७/२९ गते पाउँपालिका र उपभोक्ता समिति विच पुन संझौता भई २०८१/०७/२९ देखि २०८२/११/२९ गतेसम्म सम्पन्न हुने गरी कायदिश प्रदान भएकोमा गत आर्थिक बर्षमा परियोजनाको काम सम्पन्न नभई चालु आर्थिक बर्षका लागि दायित्व सारिएको उक्त योजनाको लागि हाल काम सम्पन्न भई भुक्तानीका लागि प्राप्त भएको पालिकाको तर्फबाट व्यहोर्ने रकम प्राविधिक मूल्याङ्कन र अनुगमन प्रतिवेदनका आधारमा कुल १५,०९,३४७.१५ सम्बन्धित उपभोक्ता समितिको नाममा भूक्तानी गर्ने।

४. माथीको प्रस्ताव नं. ४ उपर छलफल गर्दा संघीय तथा प्रादेशिक सरकार तथा मातहतका मन्त्रालय/विभाग/कार्यालयहरुबाट प्राप्त देहाय बमोजिमका परिपत्र/निर्देशन उपर छलफल गरी आवश्यक काम कारवाही संचालन गर्ने।

देहाय

क. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति च.न. ३४१ को पत्रसाथ प्राप्त सत्य निरुपण तथा मेलमिलाप आयोगको च.नं. २९० को विवरणका सन्दर्भमा हाल यस पालिकामा यस प्रकृतिका संरचनाहरु नभएको कारण सोही अनुसार पत्राचार गर्ने।

ख. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति च.न. २९८ को पत्रसाथ प्राप्त राष्ट्रिय तथ्याङ्क कार्यालयको च.न. ९२० को आर्थिक गणना कार्यका लागि सहजीकरण गर्ने सन्दर्भमा मुलुकको आर्थिक नीति, योजना तथा विकास रणनीति निर्माणका लागि आधारभूत र भरपर्दो तथ्याङ्क उपलब्ध गराउने लक्ष्य सहित "अर्थतन्त्र मापनको लागि आर्थिक गणना" भन्ने मूल नाराका साथ संचालन हुने दोस्रो राष्ट्रिय आर्थिक गणना, कार्यक्रमलाई सफल बनाउने सन्दर्भमा यस पालिकामा समेत तोकिए अनुसार हुनेगरी स्थानीय आर्थिक गणना समन्वय समिति गठन गर्ने। जसमा बाणिज्य, व्यापार संघसंस्थाका प्रतिनिधिको स्थानमा शान्तिपुर उद्योग बाणिज्य संघ र मजुवा उद्योग बाणीज्य संघबाट १/१ जना सदस्य चयन गर्ने र थप १ जनाको लागि सहजीकरण समितिको वैठकबाट निर्णय गर्ने। यसैगरी वडा स्तरीय सुहजीकरण समिति सम्बन्धित

चन्द्रकोट गाउँपालिका गाउँपालिकाको कार्यालय शान्तिपुर गुल्मी लुम्बिनी प्रदेश नेपाल

लक्ष्मणप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

वडाले सोही अनुसार गठन गर्ने गर्ने जसका लागि सम्बन्धित वडाध्यक्षलाई सहजीकरणको जिम्मेवारी प्रदान गर्ने।

ग. जिल्ला प्रशासन कार्यालय गुल्मीको च.न. २८८६ को पत्रसाथ प्राप्त राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.न. १२७२ अनुसार विपद् खोज तथा उद्दार सामाग्रीहरुको विवरण सम्बन्धमा हाल पालिकामा मोज्दात विवरणहरु साथै अन्य आवश्यक विवरणहरु पालिकाको वन,वातावरण तथा विपद् व्यवस्थापन शाखाले तयार गरी समयमै पठाउने।

घ. जिल्ला प्रशासन कार्यालय गुल्मीको च.न. २९६५ को पत्रसाथ प्राप्त च.न. १३४९ को पत्रानुसार भएको परिपत्र बमोजिम पालिकाको गुनासो व्यवस्थापन गर्ने व्यवस्था मिलाउने।

ङ. जिल्ला प्रशासन कार्यालय गुल्मीको च.न. २८८३ को पत्रसाथ प्राप्त गृहमन्त्रालयको च.न. १४७१ र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.न.प्र /शा.३११/ ३४९८ को पत्रानुसार उल्लेख भए बमोजिमका सूचनाहरु पालिकाबाट प्रकाशन/प्रशारण गर्नु परे यस बैठकको निर्णय मिति पश्चात् अनिवार्य रुपमा सरकारी संचार माध्यमबाट प्रकाशन/प्रशासरण गर्ने व्यवस्था मिलाउने।

च. जिल्ला प्रशासन कार्यालय गुल्मीको च.न. २८८० को पत्रसाथ प्राप्त गृहमन्त्रालयको च.न. १४९८ को पत्रानुसार प्राप्त निर्देशन कार्यान्वयनका सन्दर्भमा हाल यस पालिका र मातहतका कुनैपनि कार्यालयमा यस्तो प्रवृत्ति नदेखिएको र आगामी दिनमा समेत यस्ता प्रवृत्ति नदेखिने बनाउन पालिका प्रशासनलाई आवश्यक निर्देशन दिने।

छ. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. ३३९ को पत्रसाथ प्राप्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.न. प्रा.स./४२१/३४६० को निर्णय कार्यान्वयनका सन्दर्भमा नेपाल सरकार मन्त्रीपरिषद्को बैठकबाट भएको शासकीय सुधार सम्बन्धी एकसय कार्यसूची सम्बन्धी निर्णयानुसार यस पालिकासँग सम्बन्धित बुँदाहरु यथाशक्य कार्यान्वयनमा लैजाने।

ज. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. २२९ को पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग च.न. ४१६२३ को प्राप्त सुझावका सन्दर्भमा पत्रमा उल्लेख भए अनुसार IEE नगरी कुनै पनि प्रकृतिको उत्खनन् नभएको र आगामी दिनमा समेत यस कार्यप्रति पालिका पूर्ण सजग रहने।

झ. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. २२९ को पत्रसाथ प्राप्त शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.न. ४२५ को शैक्षिक शत्र सुरुहुनुभन्दा अगाडि

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर गुल्मी

लक्ष्मणप्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

विद्यार्थी भर्ना नगर्ने तथा शुल्न नलिने सम्बन्धी पत्रको कार्यान्वयनका सन्दर्भमा शिक्षा,यूवा तथा खेल्कुद शाखालाई प्रमुख प्रशासकीय अधिकृत मार्फत आवश्यक निर्देशन प्रदान गर्ने।

५. माथिको प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिका अन्तर्गत रहेका सामुदायिक स्वास्थ्य इकाइमा कार्यरत कार्यालय सहयोगिहरुको लागि अपुग तलव कार्यालयबाट विनियोजित करार कर्मचारीहरुको तलव भत्ता शीर्षकबाट उपलब्ध गराउने।

६. माथिको प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिकामा संचालन भैरहेको सुरक्षित नागरिक आवास कार्यक्रमका लागि हाल नयाँ लाभग्राही वडा तहमा धेरै रहेको र कतिपय पुराना लाभग्राहीहरु बसाईसरी गएको वा आफै घर निर्माण गरिसकेको सन्दर्भमा हाल भएको तथ्याङ्कलाई अद्यावधिक गर्दै लैजाने। साथै नयाँ लाभग्राहीका लागि वडा तहबाट १५ दिने निवेदन मागको लागि सूचना आह्वान गरी निवेदन संकलन पश्चात् निवेदन दिने लाभग्राहीको घरधुरी सर्भेक्षण गरी तोकिएको मापदण्ड अनुसार भएमा उक्त निवेदकहरुलाई नयाँ लाभग्राहीको रुपमा सुचिकृत गरी कार्यक्रम संचालन गर्ने।

७. माथीको प्रस्ताव नं. ७ उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिका गुल्मीको लागि आवश्यक तपशिल बमोजिमका कार्यविधि स्वीकृत गर्ने।

तपशिल

- विद्यालय शैक्षिक सुधार अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८२

८. प्रस्ताव नं. ८ विविध उपर छलफल गर्दा देहाय बमोजिम गर्ने।

क) यस चन्द्रकोट चन्द्रकोट गाउँपालिका गुल्मीले आर्थिक बर्ष २०८२/०८३ मा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५४ मा रहेको कानुन बमोजिम बाहेक कर लगाउन, उठाउन वा रिण लिन नपाउने व्यवस्था अनुसार हाल सम्म चन्द्रकोट गाउँपालिका गुल्मीले आफ्नो अधिकार क्षेत्रमा आर्थिक ऐनमा रहेको व्यवस्था र प्रचलित कानुन बाहेक कुनैपनि कर नलगाएको, नउठाएको र रिण नलिएको स्वःघोषणा गर्दै आगामी दिनमा पनि कानुन विपरित नहुने व्यवस्था मिलाउने।

ख) यस चन्द्रकोट गाउँपालिका अन्तर्गत रहेका स्थानीय कला, भाषा, संस्कृति, पुरातात्विक सम्पदाको अभिलेख अद्यावधिकका लागि कार्यालयले सार्वजनिक सुचना प्रकाशन गर्ने र प्राप्त सूचनाका आधारमा कार्यपालिका बैठकमा आवश्यक छलफल गरी कार्यालय मार्फत अद्यावधिक हुने व्यवस्था मिलाउने।

ग) चन्द्रकोट गाउँपालिका गुल्मीको चालु आर्थिक बर्ष २०८२/८३ को संघीय शशर्त तर्फको बार्षिक स्वीकृत कार्यक्रम गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर गुल्मी लुम्बिनी प्रदेश नेपाल

लक्ष्मणप्रसाद बाशिसे
प्रमुख प्रशासकीय अधिकृत

सम्बन्धमा यस अघि उद्यम विकास समितिबाट निर्णय भए बमोजिमका आधारमा " गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने" शीर्षकको कार्यक्रम वडा नं. ३ र ५ मा संचालन गर्ने। यसैगरी "गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम उद्यमीको स्तरोन्नति आवश्यकता पहिचाहनका आधारमा पुनर्ताजगि र एड्भान्स सीप विकास तालिम कार्यक्रम" शीर्षक वडा नं. ४ को रेमि सामुदायिक होमस्टेमा संचालन गर्ने। यसैगरी " संभाव्यव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्दा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण" शीर्षकको कार्यक्रम कार्यान्वयनका लागि उद्यम विकास समितिबाट निर्णय भए बमोजिम गर्ने।

घ) नेपाल सरकारले करदाता सेवा कार्यालय खारेज गरी करदाता सेवा कार्यालय मार्फत हुने सेवा हाल कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट संचालन गरेको र सो सेवा स्थानीय तहबाटै संचालन गर्नेगरी निर्णय भएको सन्दर्भमा यस कार्यालयबाट स्थायी लेखा नम्बर प्रदान गर्नका लागि आन्तरिक राजश्व कार्यालय बुटवल समक्ष सिफारिसका लागि अनुरोध गर्ने। साथै यस सन्दर्भमा तालिम प्राप्त गर्नका लागि सम्बन्धित शाखा र राजश्व शाखाका कर्मचारीलाई कार्यालयले सम्बन्धित निकायमा पठाउने।

ङ) लुम्बिनी प्रदेशलाई बेसाहारा सडक मानवमुक्त प्रदेश बनाउनका लागि अभियान संचालन गरेको मानवसेवा आश्रमलाई पालिकाको तर्फबाट आवश्यक सहयोग गर्ने साथै यस चन्द्रकोट गाउँपालिकालाई समेत बेसाहारा सडक मानवमुक्त पालिका बनाउन आवश्यक प्रतिवद्धता जाहेर गर्दै लुम्बिनी प्रदेश सामाजिक विकास मन्त्रालयमा प्रतिवद्धता पत्र पठाउने।

च) मुलुकको आर्थिक नीति, योजना तथा विकास रणनीति निर्माणका लागि आधारभूत र भरपर्दो तथ्याङ्क उपलब्ध गराउने लक्ष्य सहित "अर्थतन्त्र मापनको लागि आर्थिक गणना" भन्ने मूल नाराका बैशाख ०२ गतेदेखि असार ०७, २०८३ सम्म संचालन हुन लागेको दोस्रो राष्ट्रिय आर्थिक गणना, २०८२ कार्यक्रमलाई सफल बनाउनका लागि यस पालिकामा पालिका स्तरिय सहजीकरण समितिको गठन गर्ने। जसका लागि सदस्यमा उद्योग बाणिज्य संघ शान्तिपुर र मजुवाका १/१ जना सदस्य राख्ने र अन्य १ जना सदस्यका लागि सहजीकरण समितिको बैठकको निर्णयानुसार गर्ने।

चन्द्रकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
शान्तिपुर गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

लक्ष्मणप्रसाद चालिसे
प्रमुख प्रशासकीय अधिकृत

छ) चन्द्रकोट गाउँपालिकाको लेखा व्यवस्थापनलाई थप प्रभावकारी बनाउनका लागि हुनुपर्ने आन्तरिक लेखा परिक्षणका सन्दर्भमा हाल यस पालिकामा साविकमा आन्तरिक लेखा परिक्षक रहेका कर्मचारी लुम्बिनी प्रदेशको स्थानीय निजामति सेवा ऐन तथा नियमावली २०८१ बमोजिम सहायक लेखा अधिकृतमा तहबृद्धि भएको र हाल पालिकामा आन्तरिक लेखा परिक्षक नभएको सन्दर्भमा पालिकाको आन्तरिक लेखा परिक्षण गर्ने प्रयोजनार्थ कोष तथा लेखा नियन्त्रक कार्यालय तम्घास गुल्मी समक्ष कर्मचारी खटाईदिन अनुरोध गर्ने।

ज) चन्द्रकोट गाउँपालिका गुल्मीको वडा नं. ४ डाँडाबनमा रहेको भैरवस्थान वाल विकास केन्द्रमा विद्यार्थी नभएका कारण हाललाई उक्त बालविकास केन्द्र खारेज गरी उक्त बालविकास केन्द्रमा कार्यरत बालविकास सहजकर्तालाई वडा नं. २ खालिडाँडामा रहेका कालिका आधारभुत विद्यालयमा रिक्त रहेको बालविकास केन्द्रमा स्थानान्तरण गर्ने।

झ) चन्द्रकोट गाउँपालिकामा चालु आर्थिक बर्षमा संघीय शशर्त तर्फको जीविको पार्जन सुधार कार्यक्रम कार्यान्वयनका लागि जिविको पार्जन सुधार कार्यक्रम संचालन कार्यविधि २०८२ बमोजिम संचालन गर्ने। साथै चन्द्रकोट गाउँपालिका गुल्मीको संघीय शशर्त तर्फको स्वीकृत कार्यक्रम जेष्ठ नागरिक तथा बाल उद्यान व्यवस्थापन शीर्षक कार्यान्वयनका लागि सार्वजनिक जग्गाको खोजि गर्ने यदि प्राप्त नभएमा निजी जग्गा प्राप्ती गरी यथाशीघ्र कार्यक्रम अगाडि बढाउने।

ञ) चन्द्रकोट गाउँपालिकाको मुख्य प्रशासकीय भवन निर्माण गर्नका लागि स्वच्छन्द/सुसन/लर्डबुद्ध जेभी संग मिति २०७८/०९/११ गते संझौता भएकोमा उक्त भवन निर्माणका सन्दर्भमा हाल केहि विषयहरुमा भेरियसन अर्डर स्वीकृत गर्नुपर्ने भएकोले पूर्वाधार विकास शाखाले पेश गरेको भेरियसन अर्डर स्वीकृत गर्ने।

चन्द्रकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
शान्तिपुर गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

लक्ष्मणप्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत